*Nakano*

# अप्रिल 2022 अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना आवेदन

कुनै व्यक्तिलाई दिशानिर्देश गर्न, अनुशासित तथा विश्व व्यापार समाजको लागि योग्य बनाउन, शिक्षक तथा लामो समयको अनुभवी व्यक्तित्वहरुद्वारा उत्कृष्ट प्रतिभाको पहिचान गरी विद्यार्थीहरुको उद्देश्य पूरा गर्नु नै नाकानो विद्यालयको प्रमूख धारणा रहेको छ ।

स्नातकपछि विद्यालयमा विभिन्न कम्पनीहरुको बारेमा ब्रीफिंगका साथै सहजिकरणको कार्यक्रम सञ्चालन गरि उचित परामर्श तथा रोजगारको अवसर पहिल्याउन पूर्ण रुपमा विद्यार्थीलाई सहयोग गरिनेछ । नाकानो विद्यालयका साथ आफ्नो भविष्य सुरक्षित गर्नुहोला ।

## 1. पाठयक्रमको रुपरेखा

| विभागको नाम | अध्ययन अवधि | स्नातकको शीर्षक |
|---|---|---|
| म्यानेजमेन्ट बिजनेस कोर्स | 2 वर्ष | विशेषज्ञ (डिप्लोमा) |
| अर्थव्यवस्था र लेखा व्यवसाय कोर्स | 2 वर्ष | विशेषज्ञ (डिप्लोमा) |
| इन्टरनेट बिजनेस कोर्स | 2 वर्ष | विशेषज्ञ (डिप्लोमा) |
| प्रोग्रामिंग बिजनेस कोर्स | 2 वर्ष | विशेषज्ञ (डिप्लोमा) |
| व्यवसायीक अंग्रेजी कोर्स | 2 वर्ष | विशेषज्ञ (डिप्लोमा) |
| ट्राभल व्यवसाय कोर्स | 2 वर्ष | विशेषज्ञ (डिप्लोमा) |
| अन्तर्राष्ट्रिय व्यवसाय कोर्स | 4 वर्ष | उच्च विशेषज्ञ ※ |
| व्यवस्थापन सूचना व्यवसाय कोर्स | 4 वर्ष | उच्च विशेषज्ञ ※ |

भर्ना सङ्ख्या :480 जना मात्र

※ अन्तर्राष्ट्रिय व्यवसाय कोर्स, व्यवस्थापन सूचना व्यवसाय कोर्स(४वर्षे पाठ्यक्रम) स्नातकपछि 「**उच्च विशेषज्ञ प्रमाणपत्र**」 प्राप्त गरि विश्वविद्यालय उत्तीर्ण भए बराबरको मान्यता प्राप्त गर्नुहुनेछ ।

**2. कक्षा समय र भ्याकेसन :** पढ्ने समयः हप्ताको 5 दिन(सोमबार～शुक्रबार) बिहान 9:30 देखि दिउँसो2:40 सम्म
गर्मी बिदाः जुलाई मध्यबाट सेप्टेम्बर प्रारम्भ    जाडो बिदाः डिसेम्बर मध्यबाट जनवरी प्रारम्भ
स्प्रीङ बिदाः फेब्रुअरी मध्यबाट अप्रिल प्रारम्भ

**3. प्रवेश योग्यता :** निम्न लिखित 3 अवस्थाहरु पूरा गर्ने व्यक्ति

क) नेपालमा नियमित पाठ्यक्रमद्वारा आधारभूत12 कक्षा वा सोभन्दा बढीको शैक्षिक योग्यता भएको व्यक्ति ।

ख) जापानी भाषा शिक्षा प्रमोशन एसोसिएसन(ASSOCIATION FOR THE PROMOTION OF JAPANESE LANGUAGE EDUCATION) जस्ता मान्यता प्राप्त संस्थामा कम्तिमा 6 महिना जापानी भाषा शिक्षा पुरा गरेको ,संस्था वा विद्यालयको माग अनुसार १ वर्ष जापानी भाषा शिक्षा पुरा गरेको व्यक्ति ।

ग) शिक्षण तथा दैनिक उपभोगको लागि पर्याप्त खर्च भएका व्यक्ति ।

## 4. आवेदन फारम बुझाउने अवधि :

| आवेदन अवधि | बुझाउने मिति | ध्यान दिनुपर्ने |
|---|---|---|
| पहिलो आवेदन | 2021/ 9/ 1 (बूधबार) ～ | कार्यलय समय : बिहान 9:30 बजेबाट साँझ 5:00 बजेसम्म ।<br>※ भर्ना सङ्ख्या पूरा भएपछि फारम स्वीकृत गरिनेछैन । |
| दोस्रो आवेदन | 2021/12/13 (सोमबार) ～ | |
| तेस्रो आवेदन | 2022/ 2/14 (सोमबार) ～ | |

## 5. आवेदनका लागि आवश्यक कागजपत्रहरु

क) **आवेदन फारम** (फोटो 1 प्रति फारममा टाँस्ने, ठाडो 4 से.मी. तेर्सो 3 से.मी) （入学願書）

ख) **विद्दयाथी परिचय पत्रको फोटो तालिका**(फोटो 1 प्रति फारममा टाँस्ने,ठाडो 4 से.मी.तेर्सो 3 से.मी) （学生証用写真票）

ग) **आवेदक पूर्ण जानकारी फारम** （出願者記入書）

घ) जापानी भाषा विद्यालयको **उपस्थिति प्रमाण पत्र, ट्रान्सक्रिप्ट, स्नातक सम्भावना प्रमाणपत्र**

ङ) नेपालमा गरिएको अन्तिम (**स्नातक** ) **शैक्षिक प्रमाण पत्र ट्रान्सक्रिप्टको** (सक्कल र नक्कल दुवै)

च) **पासपोर्ट, एलियन (जाइरियु) कार्ड र राष्ट्रिय स्वास्थ्य बीमा कार्ड** (सक्कल र नक्कल दुवै)

छ) **वित्तीय स्थिति** (Financial Status) रेकर्ड ,**व्यक्तिगत नाम मा भएको बैंक खाताका सम्पूर्ण विवरणहरु** (सक्कल र नक्कल दुवै)

ज) **कराधान प्रमाणपत्र / खाजेइस्योउमेइस्यो** (सक्कल)

आवेदनका लागि बुझाउनुभएको कागजपत्रहरु फिर्ता हुनेछैन ।

## 6. छनौट/चयन विधि

पेश गर्नुभएका कागजपत्रहरु, विद्यालयको आन्तरिक परीक्षा (जापानी भाषा योग्यता-N2 बराबर) साथै अन्तरवार्ताको आधारमा छनौट गरिनेछ । (**परिक्षा निशुल्क गराइनेछ**) परिणामको घोषणा पत्र मार्फत जानकारी गराइनेछ ।

## 7. भर्ना सम्बन्धी

उत्तीर्ण भएको जानकारी प्राप्त भएपछि शिक्षण शुल्क तल उल्लेख गरिएको समयमा भुक्तान गर्नुपर्नेछ ।

## 8. शिक्षण शुल्क

| | पहिलो वर्षको शिक्षण शुल्क | | दोस्रो, तेस्रो ,चौथो वर्षको शिक्षण शुल्क |
|---|---|---|---|
| | 1 पटकमा पूरा भूक्तान गरेको खण्डमा | 3 पटक विभाजन भूक्तान गरेको खण्डमा | |
| **प्रवेश शुल्क** | ¥200,000 | ¥200,000 | 0 |
| **शिक्षण शुल्क** (शिक्षण सामाग्री लागत सहित) | ¥680,000 | ¥680,000 | ¥680,000 |
| **सुविधा शुल्क** | ¥200,000 | ¥200,000 | ¥200,000 |
| **उप-कूल** | ¥1,080,000 | ¥1,080,000 | ¥880,000 |
| **पुरा रकम भूक्तान गर्नेलाई छुट** | －¥400,000 | －¥300,000 | －¥100,000 |
| **कूल विद्यालय शुल्क** | **¥680,000** | ¥780,000 | ¥780,000 |

क) **1 पटकमा पूरा भूक्तान गर्ने सम्वन्धमा : उत्तीर्ण भएपछि तोकिएको समयमा ¥680,000 भूक्तान गर्नुपर्नेछ ।** शिक्षण शुल्क भूक्तान भएपछि विद्यार्थीलाई **भर्ना स्वीकृति पत्र** उपलब्ध गराइनेछ ।

ख) **3** पटकमा विभाजन भूक्तानी (**¥780,000**) उल्लेख गरिएको समयावधि भित्र भूक्तान गर्नुपर्नेछ ।

- पहिलो भूक्तानी : **¥ 250,000** उत्तीर्ण भएपछि दिइएको समयावधि भित्र भूक्तान गर्ने ।
- दोस्रो भूक्तानी : **¥ 250,000 2022/2/18 (शुक्रबार)** सम्म भूक्तान गर्नुपर्ने ।
  यद्यपि, **तेस्रो आवेदनको लागि बेग्लै तोकिएको** समयावधि भित्र भूक्तान गर्नुपर्ने ।
  दोस्रो भूक्तानी पूरा भएपछि मात्र विद्यार्थीलाई **भर्ना स्वीकृति पत्र** पठाइनेछ ।
- तेस्रो भूक्तानी : **¥ 280,000 2022/9/16 (शुक्रबार)** सम्म भूक्तान गर्नुपर्ने ।

ग) दोस्रो वर्षको सम्पूर्ण शिक्षण शुल्क **2023/2/3 (शुक्रबार)** सम्म भूक्तान गर्नुपर्नेछ ।

घ) भर्ना रद्द गर्ने सम्बन्धमा

भर्ना वा प्रवेश प्रकिया पछि कुनै कारणवश विद्यालय छोड्न वा भर्ना रद्द गर्न चाहेमा 2022/3/31 (बिहीबार) सम्म जानकारी गराउनुहोला । तोकिएको समयावधि भित्र जानकारी गराइएको खण्डमा 「18文科高第536号」 का अनुसार प्रवेश शुल्क बाहेक बाँकी रहेको शिक्षण शुल्क फिर्ता गराइनेछ । 2022/4/1(शुक्रबार) पछि कुनैपनि रकम फिर्ता हुनेछैन ।

**प्रोफेसनल ट्रेनिङ्ग कलेज नाकानो स्कुल ओफ बिजनेस**

**सम्पर्क ：0422-48-2004**